स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



घरेलु बक्सअफिसमा फिल्म "परालको आगो" को ग्रस कमाइ ४ करोड रुपैयाँ नाघेको छ। सिनेपाः बक्सअफिसले शनिबार मध्यरातसम्मको कमाइको विवरण सार्वजनिक गरेको छ। जसमा, लक्ष्मण सुनार निर्देशित फिल्मले ४ करोड २५ लाख ४६६ रुपैयाँ ग्रस कमाएको छ। १ लाख ४३ हजार ७२४ जना दर्शकले हेरेका छन्। प्रकाश सपुत र सुहाना थापा अभिनित यो फिल्म गुरुप्रसाद मैनालीको चर्चित कथा नासोबाट एडप्टेसन गरिएको हो।

**आजको विचार...**



सत्तामा... (दुई पेजमा)

बिनु सुवेदी

गत शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म "मालती मंगले"ले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेका बेला निर्माताले भजन गीत सार्वजनिक गरेका छन्। "चुइका भजन" बोलको गीतमा पुरुषोत्तम ढुंगेलको शब्द रचना रहेको छ भने किरण भुसाल लगायतको स्वर सुन्न सकिन्छ। गाउँघरमा विशेष पूजाआजापछि साँझको समयमा हुने भजन कीर्तनको फिल्मका मुख्य अभिनेता विजय बराल मादल बजाइरहेका देखिन्छन् भने वर्षा राउत र मेक्सम गौडेल छमछमी नाचेका छन्।



❐ वर्ष ३१ ❐ अंक २८३ ❐ २०८३ बैशाख २९ गते मंगलबार 12 May 2026, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### प्रहरी चौकीमा आक्रमण १२ को मृत्यु

(रासस/एएफपी)

**पेशावर,** वैशाख २८/पाकिस्तानको उत्तर-पश्चिमी क्षेत्रमा शनिबार राति भएको कार बम आक्रमण र त्यसपछि भएको गोलीबारीमा कम्तीमा १२ प्रहरीको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । बन्नु जिल्लाको फतेह खेल क्षेत्रमा रहेको प्रहरी चौकीमा आक्रमणकारीले विस्फोटक पदार्थले भरिएको सवारीसाधन ठोक्काएर विस्फोट गराएको स्थानीय प्रहरी अधिकारीहरूले बताएका छन् । विस्फोटपछि केही सशस्त्र समूहका सदस्यहरूले चौकीमा प्रवेश गरी प्रहरीमाथि गोली चलाएको जनाइएको छ । बन्नु प्रहरीका एक अधिकारीका अनुसार घटनामा १२ प्रहरीको मृत्यु पुष्टि भएको छ भने एक जना अझै बेपत्ता छन् । अधिकारीहरूले आक्रमणकारीहरूले भारी हतियारका साथै साना ड्रोन पनि प्रयोग गरेको बताएका छन् । उनीहरूका अनुसार आक्रमणपछि फर्कने क्रममा आक्रमणकारीहरूले प्रहरीका हतियार र केही कर्मचारीलाई समेत लिएर गएको प्रारम्भिक जानकारी छ । बन्नु पछिल्ला वर्षहरूमा बढ्दो सशस्त्र गतिविधिबाट प्रभावित क्षेत्रका रूपमा रहँदै आएको छ ।

## पाल्पामा 'विपद् तथा राहत वितरण मापदण्ड २०८१' सम्बन्धी अन्तर्क्रिया

# तत्काल राहत नआउँदा कार्यान्वयनमा समस्या भएको स्थानीय सरकारको गुनासो

रामचन्द्र रायमाझी

**पाल्पा,** बैशाख २८/जिल्लाको तानसेनमा 'विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१' सम्बन्धी अन्तर्क्रिया तथा छलफल कार्यक्रम भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण काठमाडौंको आयोजना, जिल्ला प्रशासन कार्यालय पाल्पाको संयोजन र वर्ल्ड बैंकको प्राविधिक सहयोगमा सोमबार कार्यक्रम भएको हो ।

जिल्लाका १० वटै स्थानीय पालिकाका जनप्रतिनिधि, प्रमुख प्रशाकीय अधिकृत, विपद् सम्पर्क व्यक्ति, रासस प्रतिनिधि लगायतको सहभागितामा कार्यक्रम भएको हो । सरकारले विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड-२०८१ पारित



गरे पनि स्थानीय तहमा यसको ज्ञान नहुँदा अन्यौल सिर्जना भएको थियो । सो अन्यौललाई चिर्दै स्थानीय तहमा राहत वितरण र सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी, पारदर्शी र विपद्मैत्री बनाउन सरोकारवालाबीच अन्तर्क्रिया कार्यक्रम गरिएको प्राधिकरणले जनाएको छ । कार्यक्रममा स्थानीय तहका प्रमुखहरुले 'विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१' आफैमा राम्रो भए पनि तत्काल राहत नआउँदा मापदण्ड कार्यान्वयनमा भने समस्या आएको बताए । उनीहरुले सम्पूर्ण प्रक्रिया पुरा गरेर पनि जिल्ला प्रशासनमार्फत आउने रहातमा ढिलाई हुँदा आफुहरुलाई समस्या आएको उल्लेख गरेका छन् । तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले विपद ब्यवस्थापनमा स्थानीय सरकारले तत्काल काम गरे पनि संघीय सरकारबाट जिल्ला प्रशासनमा आउने राहत ढिला आउँदा स्थानीय सरकारलाई गाह्रो भइरहेको गुनासो गरे । उनले भने " सेवाग्राहीको सम्पूर्ण कागजपत्रहरु पेश गरिएको हुन्छ, सबै मापदण्ड पुरा गरेर काम भए पनि किस्ता आउने बेलामा ढिला हुँदा हामीले सेवाग्राहीलाई समयमै दिन सकिरहेका छैनौ ।" उनले जिल्ला प्रशासनमा आउने राहत रकम सिधै स्थानीय तहको खातामा पठाइदिने व्यवस्था भए सहज हुने बताए । अध्यक्ष श्रेष्ठले सेवाग्राही वर्खामा पनि त्रिपालमुनि बसिरहने किस्ता भने नआउने समस्या भएकाले यसको अन्त्य हुनुपर्ने उल्लेख गरे । पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापाले राहत रकम स्थानीय सरकार मार्फत नै आउने व्यवस्था गर्नु पर्ने र जिल्लामा विपद ब्यवस्थापनको बैठक तीन महिनामा नभई छिटो हुनुपर्ने बताए । बैंठक नबस्दा निर्णय ढिला हुने भएकाले पनि समस्या आएको उनले उल्लेख गरे ।

*-बाँकी अन्तिम पेजमा...*

## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

**सामाजिक सञ्जालमा:**

-जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
-राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
-कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
-जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
-शान्ति सुरक्षामा खलल पुग्ने,
-प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
-जनमानसमा भ्रम सिर्जना गर्ने,
जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन। यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## आज नर्सिङ दिवस, विभिन्न कार्यक्रम गरी मनाइँदै

**पाल्पा,** वैशाख २८/अन्तर्राष्ट्रिय नर्सिङ दिवस आज नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । दिवसका उपलक्ष्यमा नर्सिङ कलेज तथा सम्बन्धित संघसंस्थाले प्रभातफेरिसहितका कार्यक्रम गर्दैछन् । आधुनिक नर्सिङकी संस्थापक फ्लोरेन्स नाइटिङ्गलको जन्मदिन पारेर अन्तर्राष्ट्रिय नर्स काउन्सिलको आह्वानमा हरेक वर्ष मे १२ तारिखमा यो दिवस मनाउने गरिन्छ ।

रोगबाट निको हुनमा औषधि र उपचारको जति भूमिका हुन्छ उत्तिकै उचित हेरचाहले महत्वपूर्ण भूमिका खेल्छ । यसमा चौबीसै घण्टा बिरामीको हेरचाहमा डाक्टरभन्दा नर्सहरूले ठूलो जिम्मेवारी वहन गर्छन् । उनीहरूको सम्मानमा हरेक वर्ष मे १२ का दिन विश्वभर 'अन्तर्राष्ट्रिय नर्स दिवस' मनाइन्छ । वास्तवमा आधुनिक नर्सिङको संस्थापक फ्लोरेन्स नाइटिंगेलको जन्म सन् १८२० मे १२ मा भएको थियो । यही कारणले गर्दा समाज र स्वास्थ्य क्षेत्रमा नर्सको योगदानलाई स्मरण गर्ने,




यस पेसाको प्रवर्द्धन र नर्सहरूलाई सम्मान गर्ने उद्देश्यले सन् १९७४ मा अन्तर्राष्ट्रिय नर्स परिषद्ले यो दिवस मनाउने घोषणा गरेको थियो । नेपालमा वि.सं २०१३ देखि नर्सिङ पेशा शुरु भएको मानिन्छ । विश्व नर्सिङ दिवस हरेक वर्षको मे १२ को दिनमा मनाईदै आएता पनि नेपालमा भने राष्ट्रिय नर्सिङ दिवस प्रत्येक वर्षको माघ १५ गते मनाउने गरीएको छ । अन्तर्राष्ट्रिय नर्स परिषद्को तथ्यांक अनुसार नेपालमा नर्सहरूको संख्या १ लाख ५ हजार छ । नर्सिङमा विद्यावारिधिसम्मका कक्षाहरु छन् । तर नर्सहरुको व्यावसायिकता र पारिश्रमिकको पक्ष भने कमजोर छ । १० देखि १२ लाख रूपैयाँ खर्चेर पढेका नर्सले निजी अस्पतालमा अहिले पनि मासिक १०, १२ हजारमा मात्रै काम गर्नु परेको गुनासो गर्दै आएका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## नर्स दिवस र नर्सिङ पेसा

अन्तर्राष्ट्रिय नर्स दिवस आज नेपालमा विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्षको मे १२ तारिखमा यो दिवस मनाउने गरिन्छ । आधुनिक नर्सिङ पेसाको सुरुवात गर्ने फ्लोरेन्स नाइटिङ्गेलको जन्मदिनको अवसर पारेर अन्तर्राष्ट्रिय नर्सिङ काउन्सिल (आईसीएन) को आह्वानमा प्रत्येक वर्ष यो दिवस मनाइन्छ । 'लेडी विद् दि ल्याम्प'को उपनामले परिचित नाइटिङ्गेल सन् १८२० मा ब्रिटेनमा जन्मिएकी थिइन् । नाइटिङ्गेलले सन् १८६० मा लण्डनको सेन्ट थोमस अस्पतालसँगै नर्सिङ कलेज सञ्चालन गरेकी थिइन । जुन नर्सिङ क्षेत्रमा आधुनिक र व्यवसायिक नर्सिङ सेवाको रुपमा मानिन्छ । यो दिवस मनाउँदै गर्दा नर्सहरुको सम्मान गर्नु नै पर्छ । आफ्नो ज्यानको कुनै प्रवाह नगरी दिन रात, भोक भोकै विरामीको सेवामा समर्पित नर्सहरुको सम्मान गर्नका लागि पनि यो दिवस महत्वपूर्ण हुने गर्दछ ।

नेपालमा नर्सिङ लोकप्रिय पेसामध्ये पर्छ । हरेक व्यक्तिमा स्वास्थ्यप्रति चासो बढिरहेका कारण नर्सको माग दिनानुदिन बढ्दै गइरहेको छ । सातै प्रदेशमा अस्पताल, क्याम्पस, विद्यालय तथा विश्वविद्यालय खुलिरहेकाले र विभिन्न तहतप्काका नर्सिङ जनशक्तिको आवश्यकता पर्ने भएकाले गर्दा नर्सिङ पेसाप्रतिको आकर्षण बढ्दो छ । विशेषत: महिलाहरुमा यसको आकर्षण छ । नेपालजस्तो विकासोन्मुख र भौगोलिक विविधता तथा विकटता भएको देशमा नर्सिङप्रतिको मोह बढ्नु आफैंमा सकारात्मक विषय हो । एउटा नर्स भएको घरका परिवार स्वस्थ हुन्छन्, एउटा परिवार स्वस्थ भएमा समाज स्वस्थ हुन्छ र समाज स्वस्थ भएमा सिंगो राष्ट्र नै स्वस्थ हुनेमा दुईमत छैन । तर नेपालमा तिनै नर्स विभिन्न बहानामा पीडित छन् । न्यून पारिश्रमिकमा काम गर्नु उनीहरुका लागि ठूलो पीडा हो । एउटा नर्सले अस्पतालमा रातिको समयमा एक्लैले ३० देखि ३५ जनासम्म बिरामीको स्वास्थ्य निगरानी गर्नुपर्ने हुन्छ । त्यस्तै, लामो समयदेखि नयाँ कोटामा दरबन्दी नखुल्दा नर्सहरु निजी अस्पतालमा अति कम शुल्कमा जागिर खान बाध्य छन् । अध्ययन पूरा गरेपछि हरेक तहको अध्ययनमा भोलेन्टियर बनेर काम गर्नुपर्ने पनि नर्सहरुको अर्को पीडा हो । १० देखि १२ लाख खर्चेर वर्षौं लगाएर पढेका नर्सले निजी अस्पतालमा अहिले पनि मासिक १०/१२ हजारमा मात्रै काम गर्न बाध्य छन् । स्नातक र स्नातकोत्तर गरेका नर्सहरुले प्रवीणता मात्रै गरेकासँग एकै तहमा काम गर्नुपरेको छ । यो अत्यन्त दुखद् हो । नर्सिङ पेशा आफैंमा गर्व गर्न लायक भए पनि नीतिगत रुपमा सुधार नहुँदा यो पेशा पीडादायिक बनेको छ । तसर्थ गुणस्तरीय स्वास्थ्य सेवा दिन नर्सको महत्वपूर्ण योगदान रहेकाले उनीहरुको समस्यामा सरकार गम्भीर बन्न जरुरी छ ।

### Opinion @ Social Network

धेरै बहकिदा मन कतै गिर्न सक्छ, मिठा दुई शब्दले मन फेर्न सक्छ
याद गर्नु जिब्रो फलामले बनेको हुन्न, तर त्यसको धारले मन चिर्न सक्छ !
*(मदन थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Madan.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सत्तामा पुग्नुमात्रै होइन राजनीति



## बिनु सुवेदी

उहिले प्रदीप गिरि राजनीतिक विचारधारा र दर्शनका कुराहरू गर्थे । सुन्न लालयित हुनेहरू उनी जहाँ बोल्छन्, त्यहीं जान्थे । ध्यान दिएर सुन्थे । कतिले मनन पनि गरे हुनन्, कतिले एक कानले सुने अर्को कानले उडाए । अहिले दार्शनिक कुरा गर्ने सवालमा प्रदीप गिरिकै बिँडो थामेका एक नेता छन्, घनश्याम भूसाल । राजनीति मूलत: सिद्धान्तबाटै निर्देशित हुनुपर्छ भन्ने उनको सिद्धान्त छ । हमेसा वैचारिकीमा टिकेर राजनीति गर्नुपर्छ भन्ने हुँदा उनलाई उनी नै उदाएको पार्टी एमालेले राम्रो मानेन, उनी महासचिव भएर चलाएको समाजवादीले पनि आफ्नो ठानेन । उनका समकालीन मात्रै होइन, विद्यार्थी र कार्यकर्तासमेत भन्ने गर्थे- के सिद्धान्तले खान दिन्छ ?

मैले पनि बेला-बेला उनलाई भन्ने गर्थें- अलिकति व्यावहारिक हुन पर्‍यो । उनलाई दिइने सुझाव र तर्कहरू आफ्नो ठाउँमा छ । तर वैचारिकी विना राजनीति सही दिशामा जान सक्दैन भन्ने अडानमा भूसाल आज पनि प्रतिबद्ध छन्, जहाँ उभिएर भए पनि बोलेका छन् । सायद हाम्रा प्रधानमन्त्री बालेन शाहले संकेत गरेको राजनीति सिकाउने गुरु 'भूसाल'हरू नै हुन् । यति भनेपछि अब म राजनीति दिगो हुन किन सिद्धान्त चाहिन्छ भनेर आफ्ना तर्क राख्छु, किनभने अन्टसन्ट गरेर न देश चल्छ न राजनीति टिक्छ भन्नेमा म पनि पूर्णत कन्भिन्स छु । जनताले दशकौँसम्म विभिन्न राजनीतिक आन्दोलनमा भाग लिए, बलिदान दिए, शासन व्यवस्था फेरे, संविधान बनाए, राजतन्त्र अन्त्य गरे, गणतन्त्र स्थापना गरेह तर यति धेरै परिवर्तनपछि पनि आम मानिसको जीवनमा अपेक्षित परिवर्तन किन देखिएन भन्ने प्रश्न अहिलेको मूल प्रश्न हो । यिनै प्रश्नहरूको जवाफ नपाएपछि नै अर्को सहायक प्रश्न बलशाली बनेर आएको हो-के सिद्धान्तले खान दिन्छ ? यही निराशाले अहिले पुराना राजनीतिक दलहरूप्रति वितृष्णा र नयाँ राजनीतिक शक्तिहरूप्रति असाधारण आकर्षण सिर्जना गरेको हो । तर यसबाट 'पुराना खराब र नयाँ राम्रा' भन्ने सरल निष्कर्षमा पुग्न भने सकिँदैन । यसको गहिरो सम्बन्ध राजनीति, विचारधारा र आम मानिसको मनोविज्ञानसँग जोडिएको छ । जर्मन दार्शनिक कार्ल मार्क्सले आफ्नो चर्चित लेख 'थेसिस अन फायरबाख' (१८४५) मा लेखेका थिए, 'दार्शनिकहरूले संसारलाई विभिन्न तरिकाले व्याख्या गरेका छन्ह तर मुख्य कुरा संसारलाई बदल्नु हो ।' हो पनि, राजनीति शासन सञ्चालन गर्ने कला मात्रै होइन, समाजलाई कुन दिशामा लैजाने भन्ने मार्ग निर्देशन पनि हो । यदि राजनीतिसँग भविष्यको दृष्टि छैन भने त्यो सत्ता व्यवस्थापनमा मात्रै सीमित हुन्छ र दीर्घकालीन हुँदैन भन्ने त हामीले देखे-भोगेकै छौं । समाज कस्तो छ, कस्तो हुनुपर्छ र परिवर्तन कसरी सम्भव हुन्छ भन्ने व्यवस्थित विचारहरूको समूह नै राजनीतिक विचारधारा हो । विचारधाराले वर्तमान समाजको व्याख्या, आदर्श समाजको कल्पना र परिवर्तनको बाटो निर्धारण गर्छ । यही कारण राजनीति र विचारधारालाई अलग गर्न सकिँदैन । कुनै दल वा नेताले 'हामी विचारधारामा विश्वास गर्दैनौं' भने पनि त्यो आफैंमा एउटा राजनीतिक दृष्टिकोण हो । यो दृष्टिकोण अहिले मुलुकमा चर्चित छ । विश्व राजनीति पनि क्रमश: विचारभन्दा छवि, नीतिभन्दा नारामा सीमित हुँदै गएको छ । सामाजिक सञ्जालको प्रभावले राजनीतिलाई अझ बढी भावनात्मक बनाएको छ । अब मानिसहरूले राजनीतिक दलका घोषणापत्र कम र छोटा भिडियो, भाषणका क्लिप र सामाजिक सञ्जालका प्रतिक्रियाबाट धारणा बनाउन थालेका छन् । यही कारणले अहिले विश्वभर लोकप्रियतावादी राजनीतिले बल पाइरहेको छ । तर इतिहासले बारम्बार एउटा कुरा देखाएको छ- लोकप्रियताले मात्रै राष्ट्र चल्दैन । राष्ट्रलाई दीर्घकालीन दिशा दिन विचार, नीति र संस्थागत उत्तरदायित्व आवश्यक हुन्छ । हामी पनि अहिले यही विश्वव्यापी राजनीतिक संकटको नेपाली संस्करणसँग जुधिरहेका छौं । पुराना दलहरूले आफ्ना सिद्धान्तलाई व्यवहारमा कमजोर बनाए, नयाँ शक्तिहरूले अझै स्पष्ट वैचारिक आधार निर्माण गर्न सकेका छैनन् । यस्तो अवस्थामा राजनीति आशा र आक्रोशको मिश्रणमा बदलिन्छ । यही अवस्थालाई बुझ्न अहिले विचारधाराको आवश्यकता, पपुलिज्मको उदय, विश्व राजनीतिका उदाहरण र नेपालको राजनीतिक इतिहासलाई एकसाथ हेर्न आवश्यक छ । राजनीतिमा विचारधारा आवश्यक छ भन्ने कुरा आज धेरै मानिसलाई पुरानो वा अप्रासंगिक जस्तो लाग्न सक्छ । विशेषगरी युवापुस्तामा काम गर्ने नेता चाहियो, विचारधारा होइन भन्ने धारणा बलियो बन्दै गएको छ । यसको मुख्य कारण विगतका राजनीतिक दलहरूले आफ्ना सिद्धान्त व्यवहारमा लागु गर्न नसक्नु हो । तर, केही राजनीतिक दलहरू असफल भए भन्दैमा विचारधारा नै आवश्यक छैन भन्ने निष्कर्षमा पुग्नु खतरनाक हुन्छ । किनकि, विचारधारा बिनाको राजनीति अन्तत: दिशा बिनाको यात्रामा बदलिन्छ । विचारधाराले राजनीतिलाई नैतिक आधार दिन्छ । यसले कुनै दल वा नेतालाई केका लागि राजनीति गरिरहेको छ भन्ने स्पष्ट बनाउँछ । उदाहरणका लागि, यदि कुनै दल समाजवादी हो भने जनताले उसलाई समानता, सामाजिक न्याय, श्रमिक अधिकार र कल्याणकारी राज्यका आधारमा मूल्याङ्कन गर्न सक्छन् । यदि कुनै दल उदारवादी हो भने नागरिक स्वतन्त्रता, व्यक्तिगत अधिकार र खुला अर्थतन्त्रका आधारमा प्रश्न गर्न सकिन्छ । तर कुनै दलले 'हामी न दायाँ न बायाँ' भन्छ भने उसलाई कुन आधारमा मूल्यङ्कन गर्ने भन्ने अन्योल हुन्छ । किनकि, त्यहाँ कुनै स्पष्ट वैचारिक मापदण्ड नै हुँदैन । अझ स्पष्ट भन्दा राजनीतिमा विचारधाराले नै आधुनिक राष्ट्रहरूको दिशा निर्धारण गरेको हो । अमेरिकाको उदय उदारवादी लोकतन्त्र र खुला बजार अर्थतन्त्रको विचारसँग जोडिएको थियो । युरोपमा दोस्रो विश्वयुद्धपछि सामाजिक लोकतन्त्रको अवधारणाले कल्याणकारी राज्य निर्माण गर्‍यो । स्क्यान्डिनेभियन देशहरू स्विडेन, नर्वे, डेनमार्कले समाजवादी संवेदनशिलता र लोकतान्त्रिक संस्थालाई मिलाएर संसारकै समृद्ध र समानतामूलक समाज निर्माण गरे । चीनले कम्युनिस्ट राजनीतिक संरचनासँग बजार अर्थतन्त्रलाई जोडेर आर्थिक शक्ति निर्माण गर्‍यो । अर्थात्, सफल राष्ट्रहरू केवल 'काम गर्ने मानिस' बाट होइन, स्पष्ट राजनीतिक दृष्टिकोणबाट बनेका हुन् ।

**निराशाको चक्रले निम्त्याएको संकट**

नेपालको इतिहास शासन व्यवस्था फेरिएको मात्र होइन, आशा र निराशा दोहोरिइरहेको इतिहास पनि हो । हरेक पुस्ताले कुनै न कुनै राजनीतिक शक्तिलाई 'अब यही विकल्प हो' भनेर विश्वास गर्‍यो, आन्दोलन गर्‍यो, परिवर्तन ल्यायोह तर केही समयपछि फेरि त्यही प्रश्न दोहोरियो । आखिर देश किन बदलिन सकेन ? किन हरेक आन्दोलनपछि जनता फेरि निराश हुन्छन् ? किन राजनीतिक परिवर्तनहरू जनताको जीवनमा स्थायी रूपान्तरणमा बदलिन सकेनन् ? यो प्रश्नको उत्तर नेता खराब भए, दल भ्रष्ट भए वा व्यवस्था असफल भयो भन्नेमा मात्रै सीमित छैन । नेपालको राजनीतिक संकट गहिरो वैचारिक संकट पनि हो । मूल समस्या राजनीतिक नेतृत्वको त हो नै साथमा राजनीतिक संस्कृतिको पनि हो । राणा शासनको समयदेखि नै नेपालको राजनीति शक्ति संरक्षणमा केन्द्रित रह्‍यो । जंगबहादुर राणाले स्थापना गरेको शासन व्यवस्था कुनै आधुनिक विचार धारामा आधारित थिएन । राज्य शासक खलकको सम्पत्ति जस्तै थियो । जनतालाई अधिकारसम्पन्न नागरिक होइन, शासनको अधिनमा रहेको प्रजा ठानिन्थ्यो । शिक्षा सीमित थियो, प्रेस स्वतन्त्रता थिएन, राजनीतिक संगठन अपराध मानिन्थ्यो । राज्य र नागरिकबीच अधिकारको सम्बन्ध थिएन, आदेश र अधिनताको सम्बन्ध थियो । तर, इतिहासको एउटा गहिरो सत्य के हो भने, दमनले अन्तत: प्रतिरोध जन्माउँछ । राणा शासनको कठोर निरंकुशताले नै नेपालमा आधुनिक लोकतान्त्रिक चेतनालाई निम्तो दियो । भारतमा अध्ययन गरेका नेपाली युवाहरू, बनारस र कोलकातामा सक्रिय राजनीतिक समूहहरू र विश्वभर फैलिरहेको लोकतान्त्रिक तथा समाजवादी चेतनाले नेपालभित्र पनि परिवर्तनको आकांक्षा जन्मायो । त्यही पृष्ठभूमिबाट नेपाली कांग्रेस उदायो । नेपाली कांग्रेसले पहिलो पटक नेपाली राजनीतिमा लोकतन्त्र, नागरिक स्वतन्त्रता र समाजवादलाई जोडेर आधुनिक राजनीतिक आन्दोलन निर्माण गर्‍यो । विशेषत: बीपी कोइरालाले प्रजातान्त्रिक समाजवादको अवधारणा अघि सारे । उनी सोभियत शैलीको कठोर कम्युनिस्ट राज्य चाहँदैनथे, तर अनियन्त्रित पूँजीवादको पक्षमा पनि थिएनन् । बीपीले राजनीतिक स्वतन्त्रता र आर्थिक समानतालाई सँगै जोड्न खोजेका थिए । संसारका स्क्यान्डिनेभियन देशहरूले यही मोडेललाई सफलतापूर्वक लागु गरे । स्विडेन, नर्वे र डेनमार्क जस्ता देशहरूले लोकतान्त्रिक प्रणालीभित्रै समाजवादी संवेदनशिलता लागु गर्दै कल्याणकारी राज्य निर्माण गरे । सार्वजनिक शिक्षा, स्वास्थ्य सेवा र सामाजिक सुरक्षालाई राज्यको दायित्व बनाइयो । समाजवाद त्यहाँ भाषणमा होइन, राज्य संरचनामा देखियो । तर, नेपालमा कांग्रेस विस्तारै आफ्नो वैचारिक धरातलबाट कमजोर हुँदै गयो । गणतन्त्र, संघीयता, समावेशिता र सीमान्तकृत समुदायको प्रतिनिधित्वलाई राष्ट्रिय राजनीतिक मुद्दा बनाउने काम माओवादी आन्दोलनले गर्‍यो । क्रान्तिकारी आदर्श विस्तारै सत्ताकेन्द्रित व्यवहारमा बदलिन थाले । आन्दोलनको ऊर्जा संस्थागत सुधारमा होइन, शक्ति बाँडफाँटमा खर्चिन थालियो । संगठन भित्र वैचारिक बहसभन्दा नेतृत्वको प्रतिस्पर्धा बलियो भयो । भ्रष्टाचार, अवसरवाद र विलासी राजनीतिक संस्कृतिले आन्दोलनको नैतिक आधार कमजोर बनायो । आज धेरै युवाले कम्युनिस्ट राजनीतिलाई समानताको आन्दोलनभन्दा सत्ताको गठजोडको प्रतीकका रूपमा हेर्न थालेका छन् । यही निराशाको बीचमा अहिले राष्ट्रिय स्वतन्त्र पार्टी र वर्तमान प्रधानमन्त्री बालेन शाह उदाएका हुन् । उनीहरूको उदय आकस्मिक होइन । यो लामो राजनीतिक निराशाको परिणाम हो । जनताले पुराना दलहरूबाट आशा गुमाउन थालेपछि नयाँ अनुहारहरूमा सम्भावना देख्न थाले । अहिले नेपालको सबैभन्दा ठूलो आवश्यकता नयाँ अनुहारसँगै नयाँ राजनीतिक संस्कारको पनि हो । किनभने, विगतमा हामीले लोकतन्त्र ल्यायौं तर लोकतान्त्रिक संस्कार बलियो बनाउन सकेनौं । हामीले समाजवादको नारा लगायौं, तर समानताको संस्थागत अभ्यास गर्न सकेनौं । अहिले पनि हामीले नयाँ शक्तिलाई स्वागत गरिरहेका छौं । तर उनीहरूबाट स्पष्ट वैचारिक उत्तरदायित्व मागिरहेका छैनौं । यदि राजनीति ट्रेन्डिङ व्यक्तित्वको प्रतिस्पर्धामा सीमित भयो भने केही वर्षपछि फेरि अर्को निराशा जन्मिनेछ । तर नयाँ शक्तिहरूले आफूलाई वैचारिक, संस्थागत र उत्तरदायी राजनीतिक संस्कृतिमा रूपान्तरण गर्न सके भने चाहिँ नेपालले नयाँ दिशा पाउन सक्छ । किनभने, राजनीति विचार बिनाको यात्रा होइन । विचार नभए सत्ता त हुन्छ, तर दिशा हुँदैन । दिशाविहीन सत्ताको आयु छोटो हुन्छ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :जिम्मेवारी बढेजस्तो महसुस हुन सक्छ। बोल्दा वा निर्णय गर्दा हतार नगर्नु राम्रो। | **तुला** :पारिवारिक विषयमा सोचेर निर्णय लिनु राम्रो। तनाव कम गर्नेछ। |
| **वृष** : योजना अघि बढाउन मन लाग्न सक्छ। व्यक्तिगत प्रभाव बलियो रहने संकेत छन्। | **वृश्चिक** : कामबाट लाभ मिल्नेछ । शत्रु र विपक्षी पराजित हुन सक्छन् । |
| **मिथुन** : शान्त भएर योजना मिलाउँदा आगामी कामहरू सहज बन्नेछन्। | **धनु** : आकस्मिक धन लाभ हुनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । |
| **कर्कट** : सामाजिक घेराबाट राम्रो सहयोग मिल्न सक्छ। सामूहिक सहभागिता बढ्नेछ। | **मकर** : पद र प्रतिष्ठाको संभावना छ। मन प्रसन्न र खुसीपनि रहनेछ । |
| **सिंह** : नयाँ कार्यको थालनी हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । | **कुम्भ** : परिवारमा सुख सन्तोष छाउने छ। कला र गलाको प्रभाव बढ्नेछ । |
| **कन्या** : वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ। राज्यबाट मान सम्मान पाइनेछ । | **मीन** : व्यवसायमा लाभ मिल्नेछ । परिवारिक सद्भाव बढ्नेछ । |

## विज्ञान/सूचना प्रविधि

# एआईको निहुँमा मानिसको जागिर खोस्न नपाइने चिनियाँ अदालतको फैसला



एआई प्रविधिको तीव्र विकाससँगै मानव रोजगारी संकटमा पर्दै गएको छ । ठूलो संख्यामा मानिसहरूले रोजगारी गुमाउने जोखिम बढिरहेको छ । कतिपय कम्पनीहरूले त एआई तथा एआईयुक्त रोबोटलाई कामदार बनाउँदै जनशक्ति कटौती गर्न थालिसकेका छन् । प्रविधिले मानिसको रोजीरोटी खोस्न थालेको यो विषम परिस्थितिले अब कानुनी मोड लिएको छ । अनि चिनियाँ अदालतले यस सम्बन्धी मुद्दामा गरेको एक फैसलाबाट धेरैले राहतको सास फेरेका छन् । चीनको एक अदालतले मानिसले गर्ने काम एआईलाई लगाएको आधारमा कर्मचारीलाई जागिरबाट निकाल्न नपाइने फैसला गरेको छ । चिनियाँ अदालतको यस्तो फैसलाले प्रविधि कम्पनीहरूको रणनीति र कर्मचारीको रोजगारीको सुरक्षाका विषयमा नयाँ बहस सिर्जना गरेको छ।

**अदालतले के भन्यो ?**

यी घटना चीनको प्रविधि राजधानी भनिने हाङझाउ शहरको हो । हाङझाउ त्यही शहर हो जहाँबाट अलिबाबा तथा एआई कम्पनी डीपसीक जस्ता कैयन् विश्वस्तरीय कम्पनीहरू उदाएका छन् । हाङझाउमै रहेको एउटा वित्तीय प्रविधि कम्पनीका झोउ थरका एकजना कर्मचारीले एआईको आगमनका कारण आफ्नो जागिर गुमेसँगै अदालतको ढोका ढकढक्याए । कम्पनीमा एआई टुल्स र लार्ज ल्याङ्ग्वेज मोडेलहरूको प्रयोगका कारण उनको काम र जिम्मेवारी विस्तारै घट्दै गएको थियो । त्यसपछि कम्पनीले अब मानिसको सट्टा मेसिनबाट काम गराउन सकिने निष्कर्ष निकाल्यो र उनलाई अर्को पदमा स्थानान्तरण गर्ने प्रस्ताव गर्‍यो । दुःखद् त के भने उनलाई प्रस्ताव गरिएको नयाँ पदमा तलब सुविधा निकै कम हुनुका साथै कामका सर्तहरू पनि फरक थिए । पहिले टिम लिडरको रूपमा मासिक २५ हजार युआन तलब पाउने गरेकोमा नयाँ पदमा उनको तलब १५ हजारमा झारिएको थियो । यसरी घटाइएको तलब सुविधा र फरक कामको पद उनले स्वीकार्ने कुरा भएन । तर त्यही निहुँमा कम्पनीले उनलाई जागिरबाट निकालिदियो । त्यसपछि ती व्यक्ति कम्पनी विरुद्ध अदालत पुगे । सो मुद्दामा सुनुवाई गर्दै अदालतले एआईको आगमनको निहुँमा कर्मचारी निकाल्ने कम्पनीको कदम उचित नभएको ठहर गरेको छ । आर्टिफिसियल इन्टेलिजेन्सले अब मानिस कर्मचारीले गर्ने काम गर्न सक्छ भन्ने आधारमा कसैलाई जागिरबाट हटाउन नमिल्ने अदालतको ठहर छ । साथै अदालतले ती कर्मचारीलाई २ लाख ६० हजार क्षतिपूर्ति दिन समेत कम्पनीको नाममा आदेश दिएको छ । एआईको नाममा जागिर कटौती नहोस् भन्ने सन्देश अदालतले आफ्नो निर्णयमार्फत स्पष्ट रूपमा दिएको छ । प्रविधि परिवर्तन गर्नु कम्पनीको अधिकार भएपनि त्यसले कर्मचारीहरूको अधिकार समाप्त गर्न नसक्ने भन्दै अदालते अटोमेसन वा एआई प्रविधि अबलम्बन गर्ने कम्पनीले पनि श्रम कानुनको पालना अनिवार्य रूपमा गर्नुपर्ने बताएको छ । अर्थात् कुनैपनि कम्पनीले अब एआई आइसक्यो, तिमीहरूको आवश्यकता छैन भनेर कर्मचारी हटाउन पाउँदैन । चिनियाँ अदालतका अनुसार कुनैपनि कर्मचारीलाई जागिरबाट हटाउनुपरेमा सोका लागि वैध कारण र कानुनी प्रक्रिया आवश्यक हुन्छ नकि एआई सस्तो छ भन्ने तर्क । रोचक कुरा त के छ भने अदालतले कर्मचारीहरूका लागि पनि सन्देश दिएको छ । अब कार्यस्थलमा एआईलाई पूर्णरूपमा रोक्न नसकिने भएकाले बदलिँदो प्रविधिसँग कर्मचारीहरूले आफूलाई अद्यावधिक गर्दै लैजानु आवश्यक रहेको अदालतको भनाइ छ । स्मरण रहोस् चीनमा यस्तो घटना यो पहिलो होइन । यसअघि सन् २०२४ मा ग्वान्झाउको एक अदालतले पनि यस्तै मुद्दामा फैसला गर्दै प्रविधिमा गरिने स्तरोन्नति कसैको जागिर समाप्त गर्ने आधार बन्न नसक्ने बताएको थियो ।

**विश्वव्यापी बहस**

चिनियाँ अदालतको पछिल्लो निर्णय अहिले विश्वव्यापी रुपमै सान्दर्भिक बनेको छ । माइक्रोसफ्ट, गुगल तथा अमेजन लगायतका कैयन् ठूला कम्पनीहरूले पछिल्लो समय एआई प्रविधिमा तीव्र प्रगति गरिरहेका छन् । कैयन् कम्पनीहरुले लागत घटाउन कर्मचारीको संख्या कटौती गर्ने र कामहरुलाई अटोमेसन गर्ने प्रवृत्ति पनि बढिरहेको छ । त्यसैले चिनियाँ अदालतको फैसलाले एआई प्रविधिका कारण मानव रोजगारीमा आउन थालेको संकटलाई टार्नमा योगदान दिने अपेक्षा गरिएको छ । यसले देखाएको छ कि प्रविधिको तीव्र दौडमा मानिसहरूको अधिकारलाई बेवास्ता गर्न सकिँदैन । एआईले मिडिया, प्रविधि, ग्राहक सेवा हुँदै सिर्जनात्मक क्षेत्रहरूमा समेत प्रभाव जमाउन थालेको अवस्थामा अब एआई र रोजगारीलाई सन्तुलनमा राख्नेगरी विश्वमा नयाँ कानुनको आवश्यकता रहेको तर्क विज्ञहरुको छ । यसमा चीनले विभिन्न तहमा योजना बनाइरहेको छ । एआईको तीव्र विस्तारका बाबजुद त्यसबाट मानिसहरूको रोजगारीमा पर्ने असरलाई न्यूनीकरण गर्नेगरी चीनले विभिन्न प्रावधानहरूको तयारी गरिरहेको बताइएको छ । सन् २०२५ मा अन्तर्राष्ट्रिय श्रम संगठनले गरेको एक अध्ययन अनुसार जेनेरेटिभ एआईका कारण विश्वमा एक चौथाई रोजगारी प्रभावित हुनसक्छन् ।

*-अनलाइन खबर डटकम*

# गर्मीले फोन तात्न थाल्यो ? अपनाउनुस् यी उपाय



आजकल मानिसहरू घन्टौं मोबाइलमा झुन्डिरहेका हुन्छन् । एकपछि अर्को रिल, फिल्म अनि भिडियो हेर्ने बानीले स्वास्थ्यलाई त असर गरिरहेको हुन्छ नै, स्मार्टफोनसमेत बिग्रिन सक्छ । घण्टौंसम्म आफ्नो फोन प्रयोग गर्दा यो धेरै तातो हुन्छ । अन्य ग्याजेटहरू र इलेक्ट्रोनिक्सजस्तै यो मौसममा फोन पनि धेरै तातो हुन्छ । यी दिनहरूमा बाहिरको तापक्रम धेरै उच्च हुन्छ । तपाईं निरन्तर भारी एपहरू प्रयोग गर्नुहुन्छ भने फोन धेरै तातो हुने सम्भावना बढ्छ । निरन्तर तातो भइरहे फोनको ब्याट्री र कार्यसम्पादनमा हानि पुग्न सक्छ । आज हामी फोनलाई तातोबाट जोगाउने केही उपायबारे जानकारी गराउनेछौं । केही मानिसहरू फोनलाई घाममा छोड्छन् । लामो समयसम्म फोनलाई घाममा राख्दा यो धेरै तात्छ । सीधा घाममा बसिरहनुहुन्छ भने फोनको प्रयोग सीमित गर्नुहोस् वा यसलाई शितल ठाउँमा राख्नहोस् । लगातार ठुला एपहरू प्रयोग गरिरहनुभएको छ भने स्मार्टफोन तात्न सक्छ । गेमिङ, भिडियो सम्पादन, वा लामो समयसम्म भिडियो स्ट्रिमिङको लागि फोन प्रयोग गर्दा यो अत्यधिक तात्छ । यस्तो अवस्थामा, बारम्बार ब्रेक लिइरहनुहोस् । केही व्यक्तिहरूले आफ्नो फोनमा एकैचोटि धेरै एपहरू खुला राखिछाड्छन् । यसले मोबाइलको सीपीयूमामा भार बढाउँछ । यस्तो अवस्थामा, प्रयोग नगर्ने एपहरू बन्द गर्नुहोस् । गर्मीमा तपाईंलाई कुनै कामको लागि आफ्नो फोन निरन्तर प्रयोग गर्न वा चार्जमा राख्न पर्छ भने फोनको कभर हटाउनुस्, यसले फोन छिटो तात्दैन । चार्ज भइरहेको बेला फोन प्रयोग नगर्नुहोस् । केही मानिसहरू फोन चार्ज भइरहेको बेला घण्टौंसम्म कुरा गर्ने, गेम खेल्ने वा भिडियो हेर्ने काम गर्छन् । यसले फोनको तापक्रम बढाउँछ । ब्याट्री सेभर मोड अन गरर राख्नुस् । यसमा ब्याकग्राउन्डमा गतिविधि कम हुन्छ । यसरी, फोनलाई अत्यधिक तातो हुनबाट रोकिन्छ ।

*-डिसी नेपाल डटकम*

# एआई कम्पनीहरू किन हामी उनीहरूसँग डराऔँ भन्ने चाहन्छन् ?



उनीहरूले नै यसलाई बनाए । उनीहरू नै यसदेखि डराइरहेका छन् । तर पनि उनीहरू यसलाई बेचिरहेकै छन् । यदि तपाईंले यस्तो कुरा पहिले पनि सुन्नुभएको छ भने मलाई रोक्नुहोला : एउटा प्रविधि कम्पनी आफूले यति शक्तिशाली एआई बनाएको दाबी गर्छ, जसलाई देखेर डर लाग्छ । उनीहरूको भनाइअनुसार यो विश्वमा सार्वजनिक गर्न निकै खतरनाक छ र यसको परिणाम विनाशकारी हुन सक्छ । हाम्रो भाग्य राम्रो छ, उनीहरूले यसलाई अहिलेका लागि बन्द गरेर राखेका छन् । उनीहरू केवल तपाईंले यो कुरा थाहा पाउनुहोस् भन्ने चाहन्थे । एआई कम्पनी 'एन्थ्रोपिक' ले आफ्नो पछिल्लो मोडल 'क्लाउड माइथोस' का बारेमा हामीलाई ठ्याक्कै यही भनिरहेको छ । माइथोसमा साइबर सुरक्षाका कमजोरी पत्ता लगाउने क्षमता मानव विशेषज्ञहरूको भन्दा धेरै माथि रहेको कम्पनीको दाबी छ । यस्तै प्रविधि गलत व्यक्तिको हातमा परेमा यसले संसारको रूपरेखा नै बदल्ने परिणाम निम्त्याउन सक्ने उनीहरू बताउँछन् । एन्थ्रोपिकले अप्रिलको सुरुमा एउटा ब्लग पोस्टमा लेखेको छ, 'अर्थतन्त्र, जनसुरक्षा र राष्ट्रिय सुरक्षामा यसको प्रभाव गम्भीर हुन सक्छ ।' केही हतारिएका पर्यवेक्षकहरू त डिजिटल पागलपनबाट बच्न आफ्नो वाइफाइ जोडिएको माइक्रोवेभदेखि जीवनका हरेक प्राविधिक उपकरण बदल्नुपर्ने चेतावनी दिइरहेका छन् । केही सुरक्षा विशेषज्ञहरू यी दाबीहरूमाथि शंका गर्छन् । तर अहिलेलाई त्यो कुरा छाडौं । यो कुनै नयाँ कुरा होइन । प्रमुख एआई प्रदायक कम्पनीका अधिकारीहरू नियमित रूपमा आफ्नो उद्योगका उत्पादनहरूले कसरी मानवता नष्ट गर्न सक्छन् भनेर चेतावनी दिइरहन्छन् । कुनै पनि कम्पनीले आफ्नो कामको बारेमा यसरी कुरा गर्नु अनौठो तरिका हो । म्याकडोनाल्ड्सले कहिल्यै 'हामीले यति डरलाग्दो मीठो बर्गर बनाएका छौं, यसलाई सर्वसाधारणलाई खुवाउनु अनैतिक हुनेछ' भनेर घोषणा गरेको सुन्नुभएको छैन होला । यसको एउटा सिद्धान्त यस्तो छ । आलोचकहरूका अनुसार, तपाईंलाई महाविनाशको त्रासमा अल्झाइराख्दा एआई कम्पनीहरूलाई नै फाइदा हुन्छ । यसले उनीहरूले संसारमा गरिरहेको वास्तविक क्षतिबाट ध्यान हटाउन मद्दत गर्छ । प्रविधि लिडरहरू आफूहरूले एउटा अपरिहार्य भविष्यको बारेमा मात्र चेतावनी दिइरहेको र सुरक्षा सधैं उच्च प्राथमिकतामा रहेको दाबी गर्छन् । तर अन्य विज्ञहरू यसलाई केवल डरको व्यापार मान्छन् । यसले प्रविधिको क्षमतालाई बढाइचढाइ प्रस्तुत गर्छ र सेयरको मूल्य बढाउन मद्दत गर्छ । साथै, नियामक निकायहरू पछि हट्नुपर्ने भाष्य निर्माण गर्न पनि यसले सघाउँछ । किनभने खराब तत्वलाई रोक्न र यस प्रविधिलाई जिम्मेवार रूपमा निर्माण गर्न यी एआई कम्पनीहरू मात्र सक्षम छन् भन्ने सन्देश फैलाइन्छ । बेलायतको युनिभर्सिटी अफ एडिनबर्गका डेटा र आर्टिफिसियल इन्टेलिजेन्सको नैतिकतासम्बन्धी प्राध्यापक श्यानन भालोर भन्छिन्, 'यदि तपाईं यी प्रविधिहरूलाई अलौकिक जस्तै खतरनाक रूपमा चित्रण गर्नुहुन्छ भने, यसले हामीलाई शक्तिहीन र कमजोर महसुस गराउँछ । यस्तो लाग्छ, हामीले भर पर्न सक्ने एकमात्र विकल्प तिनै कम्पनीहरू मात्र हुन् ।'

**मलाई कसैले रोक**

एन्थ्रोपिकका एक प्रवक्ताले मलाई कम्पनी यी मुद्दाहरूमा स्पष्ट रहेको बताए। उनीहरूले माइथोसको साइबर क्षमतालाई समर्थन गर्ने अन्य संस्थाहरूको ब्लग पोस्टहरू सेयर गरे । तर यस लेखमा उठाइएका बुँदाहरूलाई सम्बोधन गर्ने गरी तल समावेश गरिएको एउटा टिप्पणीबाहेक अरू केही भनेनन् । एन्थ्रोपिकका प्रमुख डारियो एमोडेईले का एन्थ्रोपिकका प्रमुख डारियो एमोडेईले काम गरेको कम्पनीले कुनै उपकरणलाई सर्वसाधारणका लागि 'अति खतरनाक' घोषणा गरेको यो पहिलो पटक भने होइन । सन् २०१९ मा एमोडेई ओपनएआईका कार्यकारी हुँदा कम्पनीले 'जीपीटी-२' घोषणा गरेको थियो । उनले र कम्पनीका अन्य नेताहरूले 'प्रविधिको खराब प्रयोग हुन सक्ने चिन्ता' का कारण जीपीटी-२ सार्वजनिक गर्न नसक्ने बताएका थिए । यो च्याटजीपीटीभन्दा धेरै कम क्षमताको उपकरण थियो । तर केही महिनापछि नै उनीहरूले यसलाई सार्वजनिक गरे । पछि ओपनएआईका सीईओ साम अल्टम्यानले एउटा ब्लग पोस्ट गर्दै कम्पनीले अनिश्चिततालाई स्वीकार गर्ने र जीपीटी-२ बारेको डर अनुपयुक्त रहेको स्वीकारेका थिए । अल्टम्यानले भर्खरै एउटा पडकास्ट अन्तर्वार्तामा एन्थ्रोपिकको 'डरमा आधारित मार्केटिङ' को आलोचना गरे । तर उनको आफ्नै 'मैले एउटा राक्षस बनाएँ' भन्ने शैली वर्षौं पुरानो हो । सन् २०१५ मा अल्टम्यानले भनेका थिए, 'एआईले सम्भवतः संसारको अन्त्य गराउनेछ, तर त्यतिबेलासम्म यहाँ उत्कृष्ट कम्पनीहरू बनिसकेका हुनेछन्।' वर्षौंपछि, अल्टम्यानले 'च्याटजीपीटी लन्च गरेर मैले साँच्चै केही खराब काम त गरिनँ' भनेर सोच्दा आफ्नो निद्रा हराउने गरेको दाबी गरे । काशङ्ग उनलाई कसैले पहिले नै चेतावनी दिएको भए । अल्टम्यान, एमोडेई, बिल गेट्स र गुगल डिपमाइन्डका प्रमुख कार्यकारी डेमिस हासाबिसलगायत सयौँ प्रविधि लिडरहरूले सन् २०२३ मा एउटा छोटो वक्तव्यलाई समर्थन गरेका थिए। जसमा भनिएको थियो, 'एआईबाट हुन सक्ने मानव विनाशको जोखिमलाई न्यूनीकरण गर्ने काम महामारी र आणविक युद्धजस्ता अन्य सामाजिक स्तरका जोखिमहरूसँगै विश्वव्यापी प्राथमिकता हुनुपर्छ ।' सोही वर्ष एलन मस्कलगायतका टाइकुनहरूले उन्नत एआई निर्माणमा छ महिनाको रोक लगाउन माग गर्दै एउटा पत्रमा हस्ताक्षर गरे । तर मस्कले छ महिना नबित्दै आफ्नो नयाँ आर्टिफिसियल इन्टेलिजेन्स कम्पनी 'एक्सएआई' को घोषणा गरे । युनिभर्सिटी अफ वासिङ्टनकी कम्प्युटेसनल भाषाविज्ञान र नेचुरल ल्याङ्ग्वेज प्रोसेसिङकी प्राध्यापक तथा 'द एआई कन' पुस्तककी सह-लेखिका एमिली एम. बेन्डर भन्छिन्, 'यो शक्तिको आधारहीन दाबी गर्ने प्रवृत्तिको एउटा हिस्सा मात्र हो ।' यो ओपनएआई र एन्थ्रोपिकमा मात्र सीमित नभएर सम्पूर्ण एआई उद्योगकै साझा चरित्र रहेको उनको भनाइ छ । उनी थप्छिन्, 'उनीहरू भनिरहेका छन यता हेर्नुहोस्, वातावरणीय विनाश र श्रम शोषणको वास्ता नगर्नुहोस्, समाजका संयन्त्रहरू नष्ट भइरहेको कुरा बिर्सिनुहोस् । हामीले त केवल यो कुरा सुनिश्चित गर्नुपर्छ, यो प्रविधि मानवता नै नष्ट गर्ने खराब तत्त्वमा परिणत नहोस् ।' मैले यस विषयमा ओपनएआईलाई प्रश्न सोधेको थिएँ । एक प्रवक्ताले अल्टम्यानको भर्खरैको ब्लग पोस्ट सेयर गरे । त्यसमा अल्टम्यानले 'केही मुट्ठीभर मानिसको हातमा शक्ति केन्द्रित गर्ने यस प्रविधिको सम्भावनालाई ओपनएआईले रोक्ने' उल्लेख गरेका थिए । एआईसम्बन्धी मुख्य निर्णयहरू एआई ल्याबहरूले मात्र नभई लोकतान्त्रिक प्रक्रिया र समतामूलक सिद्धान्तहरूमार्फत गरिने उनको जिकिर थियो ।

**के माइथोस साँच्चै त्यति खराब छ ?**

एन्थ्रोपिकका अनुसार यसको नयाँ मोडलले मानव विशेषज्ञहरूलाई उछिन्दै प्रविधि क्षेत्रभरि हजारौँ 'अति गम्भीर' कमजोरीहरू पत्ता लगाइसकेको छ। ह्याकरहरूले मौका पाउनुअघि नै यी कमजोरीहरू सुधार्ने 'तत्कालिन प्रयास' स्वरूप कम्पनीले ४० भन्दा बढी कम्पनी र समूहहरूसँग नयाँ साझेदारीको घोषणा पनि गरेको छ । कम्पनीका एक प्रवक्ताले मलाई बताएअनुसार, समस्याको 'ठूलो हिस्सा' ओगट्ने आधारभूत कम्प्युटिङ प्रणालीहरू सुधार गर्न एन्थ्रोपिकले जानाजान संस्थाहरूसँग साझेदारी गरेको हो । तर यी दाबीहरूमाथि गम्भीर शंकाहरू छन् । एआई नाउ इन्स्टिच्युटकी प्रमुख एआई वैज्ञानिक हेइडी क्लाफ यसबाट प्रभावित भइनन् । उनले आफ्नो पूरै करियर त्यस्तै कोड विश्लेषण उपकरणहरू निर्माण र परीक्षण गर्न बिताएकी छन्, जसलाई उछिनेको दाबी एन्थ्रोपिकले गरिरहेको छ । उनले आणविक केन्द्रहरूको डिजिटल सुरक्षामा पनि काम गरेकी छन् । क्लाफका अनुसार सबैभन्दा शंकास्पद कुरा त 'फल्स पोजिटिभ रेट' को तथ्यांक नहुनु हो । कुनै पनि सुरक्षा उपकरणले समस्या नै नभएको ठाउँमा कति पटक समस्या देखायो भनेर मापन गर्ने यो उद्योगकै स्थापित मापदण्ड हो। 'यो कुनै अज्ञात मेट्रिक होइन,' क्लाफ भन्छिन्, 'तपाईंको उपकरण कति उपयोगी छ भन्ने देखाउने यो सबैभन्दा ठूलो सूचक हो ।' एन्थ्रोपिकले यसको उल्लेख गरेन र मैले प्रतिक्रिया माग्दा यो प्रश्न पन्छायो। सुरक्षा इन्जिनियरहरूले दशकौंदेखि भर पर्दै आएका विद्यमान उपकरणहरूसँग माइथोसको तुलना पनि एन्थ्रोपिकले गरेको छैन । 'मानवता जोगाउने' नारा बेचेर खुलेका गैर-नाफामुखी एआई संस्थाहरू अहिले आफ्ना वाचा तोड्दै सेयर बजार र नाफाको दौडमा सामेल भएका छन् । एन्थ्रोपिकले आवश्यक कम्प्युटिङ क्षमताको अभावका कारण माइथोसलाई व्यापक रूपमा सार्वजनिक नगरेको हुन सक्ने दाबीहरू पनि आएका छन् । मैले यस विषयमा सोध्दा पनि एन्थ्रोपिकले कुनै जवाफ दिएन । यसको अर्थ खतरा पूर्ण रूपमा काल्पनिक हो भन्ने पक्कै होइन । 'माइथोस क्षमतावान हुन सक्छ,' क्लाफ भन्छिन्। विशाल कोड बेसहरू स्क्यान गर्न एआई उपकरणहरू साँच्चै उपयुक्त हुन्छन् र स्वचालित रूपमा सुरक्षा कमजोरीहरू पत्ता लगाउनु एउटा वास्तविक र गम्भीर खतरा हो। तर पुष्टि गर्ने आधार नभईकन एन्थ्रोपिकले गरेका दाबीहरूमा क्लाफलाई शंका छ। उनी भन्छिन्, 'माइथोस सर्वशक्तिमान छ र हामी यसलाई सार्वजनिक गर्न सक्दैनौं भन्ने यो भाष्यमा धेरै कमजोरीहरू छन् जस्तो मलाई लाग्छ ।'

*-अनलाइन खबर डटकम*

# पाल्पामा प्राध्यापकहरूलाई क्षमता विकास तालिम




**पाल्पा,** बैशाख २८/जिल्लाका प्राध्यापकहरुलाई क्षमता विकास तालिम दिइएको छ । अनुसन्धान ब्यवस्थापन समिति, पाल्पा बहुमुखी क्याम्पस, पाल्पाको आयोजना र विश्वविद्यालय अनुदान आयोग भक्तपुरको सहयोगमा तालिम दिइएको हो ।

तालिम कार्यक्रमको त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पाका क्याम्पस प्रमुख डा. टंक पन्थले उद्घाटन गरेका हुन् । तालिमको उद्घाटन गर्दै पाल्पामा उच्च शिक्षाको विकासका लागि भएका प्रयास, चुनौति र सम्भावनाको चर्चा गर्दै तालिम कार्यक्रमले थप टेवा पुग्ने विश्वास ब्यक्त गरे । क्याम्पस ब्यवस्थापन समितिका अध्यक्ष कृष्ण भुसालले पाल्पामा शैक्षिक विकासका लागि सहभागीहरूबाट विशिष्ट सेवा प्रवाह हुन तालिमले प्रेरणा पुगेको विश्वास ब्यक्त गरे । पाल्पा बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख योगेन्द्र वीरकट्टाले प्राध्यापकहरूलाई समसामयिक विषयवस्तु, विधिप्रविधि र अनुसन्धानका क्षेत्रमा अद्यावधिक गर्न तालिम आयोजना भएको बताए । कार्यक्रममा अनुसन्धान समितिका संयोजक गोपाल प्रसाद वश्यालले प्राध्यापकहरूको क्षमता विकासका लागि विश्वविद्यालय अनुदान आयोगको सहयोगको प्रशंसा गर्दै सहजकर्ताहरूको दक्षता र सहभागिहरूको सक्रिय सहभागिताका कारण कार्यक्रमको लक्ष्य अनुसार सफलता प्राप्त भएको बताए । संयोजक वश्यालले अनुसन्धान सहितले अनुसन्धानमा आधारित लेखहरूको संकलन गरी प्राज्ञिक प्रकाशन गर्ने अबको योजना रहेको उल्लेख गरे । सहजकर्ता डा. शंकर प्रसाद गैरेले अनुसन्धान र प्राज्ञिक लेखनका दुःख र आनन्दका अनुभूति सुनाउदै निरन्तर साधनाको आवश्यकता पर्ने बताए । त्यसैगरी सहभागीहरूको तर्फबाट प्रतिक्रिया दिंदै त्रिभुवन बहुमुखी क्याम्पसका उपप्राध्यापक उत्पल कुमार बज्राचार्यले तालिम सत्रहरू शिक्षण विधि, अनुसन्धान तथा प्राज्ञिक लेखनका धेरै पद्धतिका बारेमा उपयोगी रहेको बताए । उपप्राध्यापक बज्राचार्यले आफूले पिएचडि कार्य गरिरहँदाका अनुभवहरू पनि सुनाए । त्यसैगरी अर्का सहभागी तानसेन बहुमुखी क्याम्पसका नारायणी शर्मा नेपालले तालिम उपलब्धिपूर्ण रहेको बताइन् । कार्यक्रममा सहायक क्याम्पस प्रमुख विना के सी, अनुसन्धान समिति सदस्य डिल्लीराज शर्मा लगायतले कार्यक्रमको समीक्षात्मक टिप्पणी गरेका थिए । तीन दिनसम्म चलेको तालिममा जिल्लाका एक दर्जन क्याम्पसबाट ५३ जना प्राध्यापकहरू सहभागीको सहभागीता रहेको थियो । तालिममा त्रिभुवन विश्वविद्यालय, क्षेत्रीय परीक्षा नियन्त्रकको कार्यालय पोखराका सहपरीक्षा नियन्त्रक डा. रामनाथ न्यौपानेले अनुसन्धानका विभिन्न विधिहरूअनुसार अनुसन्धान प्रक्रिया र साधनहरूका बारेमा जानकारी गराएका थिए । यस्तै त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पाका डा. पित बहादुर नेपालीले अनुसन्धान कार्यमा स्रोतको उपयोग, उदाहरण र सन्दर्भ सूची पद्धति, त्रिभुवन क्याम्पसकै डा. शंकर प्रसाद गैरेले अनुसन्धान उत्प्रेरणा तथा प्राज्ञिक लेखनकला, अनुसन्धान ब्यवस्थापन समिति, पाल्पा बहुमुखी क्याम्पस, पाल्पाका संयोजक गोपाल प्रसाद वश्यालले प्राज्ञिक सिपका चार स्तम्भ, प्राज्ञिक ब्यक्तित्वहरूका अनुसन्धान तथा विद्वतबृत्ति, निरन्तर पेशागत विकासका रणनीति, र अनुसन्धान ब्यवस्थापन समितिका सदस्य हरिमाया ज्ञवालीले तनाव ब्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिएका थिए ।

## खेलकुद समाचार

# आईपीएल क्रिकेटमा आरसीबी र चेन्नई विजयी



**काठमाडौं,** वैशाख २८/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा रोयल च्यालेन्जर्स बेङ्गलुरुले मुम्बई इन्डियन्समाथि २ विकेटको रोमाञ्चक जित निकालेको छ । आएतबार रायपुरमा अन्तिम बलमा मुम्बईले दिएको १सय ६७ रनको लक्ष्य बेङ्गलुरुले ८ विकेट गुमाएर पूरा गरेको हो । टस हारेर पहिले ब्याटिङ गरेको मुम्बईले २० ओभरमा ७ विकेट गुमाउँदै १ सय ६६ रन बनाएको थियो । मुम्बईका लागि तिलक वर्माले ५७ रन बनाउँदा बलिङमा बेङ्गलुरुका भुवनेश्वर कुमारले ४ विकेट लिए । जितसँगै बेङ्गलुरु १४ अंकसहित तालिकाको पहिलो स्थानमा उक्लिएको छ । हारसँगै मुम्बई इन्डियन्स भने प्रतियोगिताको प्लेअफ दौडबाट बाहिरिएको छ । मुम्बई ६ अंकसहित तालिकाको नवौं स्थानमा छ । त्यसअघि हिजै चेन्नई सुपर किङ्ससँग पाँच विकेटले पराजित भएपछि लखनऊ सुपर जायन्ट्सको आईपीएलमा प्लेअफ पुग्ने सम्भावना समाप्त भएको छ । चेन्नईमा भएको खेलमा लखनऊले दिएको २ सय ४ रनको लक्ष्य चेन्नईले चार बल बाँकी रहँदा पाँच विकेट गुमाएर पूरा गरेको छ । चेन्नईका उर्विल पटेलले ६५ रनको इनिङ खेले । लखनऊका दिग्वेश राठी र शाहबाज अहमदले समान दुई विकेट लिँदा आवेश खानले एक विकेट लिए । जितपछि ११ खेलमा १२ अंक जोडेको चेन्नईले प्लेअफ पुग्ने सम्भावना जीवितै राखेको छ । हारसँगै समान खेलमा ६ अंक भएको लखनऊको भने अगाडि बढ्ने सम्भावना सकिएको छ ।

## अर्थ/कर्पोरेट समाचार

# लुम्बिनी प्रदेश सरकार राजस्व सङ्कलनमा कमजोर




**दाङ,** वैशाख २८/लुम्बिनी प्रदेश सरकारको राजस्व सङ्कलनमा कमजोर देखिएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको चैत मसान्तसम्म कुल अनुमानित लक्ष्यको ३२ दशमलव ७५ प्रतिशतमात्र राजस्व सङ्कलन गरेको छ ।

प्रदेश सरकारले चालु वर्षको नौ महिनामा एक अर्ब ५८ करोड ९५ लाख मात्र राजस्व संकलन गरेको छ । यो लक्ष्यको आधा कम हो । प्रदेश सरकारले चालु वर्षमा आन्तरिक रूपमा चार अर्ब ८८ करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य लिएको थियो । अहिले संकलन भएको राजस्व अनुपातलाई हेर्दा वार्षिक लक्ष्य हासिल गर्न नसक्ने देखिएको छ । कार्यालयका अनुसार कृषि आयमा लाग्ने करबाट चार हजार दुई सय, सरकारी सम्पत्तिको बहालबाट आठ लाख १६ हजार, अन्य स्रोतबाट बाँडफाँट नहुने रोयल्टी एक लाख ४४ हजार रुपैयाँ संकलन भएको छ । कृषि उत्पादनको बिक्रीबाट एक करोड १९ लाख, सरकारी सम्पत्ति बिक्रीबाट दुई लाख ६९ हजार, अन्य बिक्रीबाट पाँच हजार, नहर तथा कुलो उपभोगबापतको शुल्क १४ हजार, अन्य सेवा शुल्क तथा बिक्रीबाट एक लाख ५६ हजार रुपैयाँ संकलन भएको छ । शिक्षा क्षेत्रको आम्दानीबाट एक लाख ८५ हजार, परीक्षा शुल्कबाट पाँच करोड ९६ लाख, यातायात क्षेत्रबाट १३ करोड ३१ लाख, अन्य प्रशासनिक सेवा शुल्कबाट पाँच करोड ४९ लाख, व्यवसाय रजिस्ट्रेसन दस्तुरबाट ६ करोड २१ लाख, रेडियो एफ एम सञ्चालन दस्तुरबाट २० हजार, टेलिभिजन सञ्चालन दस्तुर एक लाख ६० हजार संकलन गरिएको छ । चालक अनुमतिपत्र सवारीबाट ५८ करोड ३४ लाख, जलस्रोतसम्बन्धी दस्तुरबाट एक हजार,वन क्षेत्रको आय ५० करोड १० लाख, न्यायिक दण्ड जरिवाना र जफतबाट ६५ हजार, प्रशासनिक दण्ड जरिवाना र जफतबाट पाँच करोड ४९ लाख, बीमा दावीबाट एक करोड ९४ लाख, अन्य राजस्वबाट १६ लाख ५७ हजार रुपैयाँ संकलन गरिएको छ ।

# तत्काल राहत नआउँदा...

...कार्यक्रममा माथागढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदी, रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराई, निस्दी गाउँपालिकाकी उपाध्यक्ष तिरण कुमारी श्रेष्ठ लगायतले आफुहरु मापदण्ड कार्यान्वयन गर्न तयार रहेको तर राहत वितरणको व्यवस्था छिटो बनाइदिनुपर्नेमा जोड दिए । गृह मन्त्रालय विपद् द्वन्द्व तथा व्यवस्थापन महाशाखाका उपसचिव विश्वराज न्यौपानेले विपद् , राहत वितरणको विधि, प्रक्रिया र चुनौती, मापदण्डका प्रमुख विषयमा प्रस्तुतिकरण गरेका थिए । उनले प्राधिकरणमा हिजो रकम नहुँदा किस्ता पठाउन केही समस्या भए पनि अहिले त्यस्तो नरहेको बताए । उनले मापदण्ड भित्र रहेर काम गरेमा कुनै समस्या नआउने उल्लेख गरे । छलफलपछिको कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका महासंघकी केन्द्रीय सदस्य तथा बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदीले अन्तर्क्रियाले सरकारले ल्याएको मापदण्डका विषयमा स्थानीय सरकारलाई थप प्रस्ट हुन मौका मिलेको बताइन् । उनले मापदण्डमा केही अन्यौलता आफुहरुमा भएकाले यो कार्यक्रमले थप प्रस्ट हुनेमा विश्वास व्यक्त गरिन् । निमित्त प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीले नयाँ मापदण्ड अनुसार काम गर्न स्थानीय तहलाई आग्रह गरे । मापदण्ड केबल राहत वितरणको विषयमात्र नभएर पूर्वतयारी, सहनशीलता र सबैभन्दा जोखिममा परेका व्यक्तिको दीर्घकालीन सुरक्षाको विषय भएको उल्लेख गर्दै उनले यसको सफल कार्यान्वयनले मात्र मानव केन्द्रित, न्यायसङ्गत र समावेशी आपतकालीन प्रतिक्रिया दिन सक्षम हुने बताए । कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्राविधिक अनुप कार्कीले लाभग्राहीले अनुदान लिने प्रक्रिया र अवस्थाका विषयमा जानकारी गराएका थिए । निमित्त प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीको अध्यक्षता, गृह मन्त्रालय विपद् द्वन्द्व तथा व्यवस्थापन महाशाखाका अधिकृत समिर भण्डारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# आज नर्सिङ दिवस...

...नेपालमा सरकारी तथा निजी स्तरमा गरी साढे २ सय शिक्षण संस्थाबाट वर्षको ८ हजारभन्दा धेरै जनशक्ति उत्पादन हुने गरेको छ । तर योग्यता अनुसार रोजगारी, विशेषज्ञता अनुसार पदपूर्ति हुन नसक्दा सुविधाको खोजीमा विदेशिनेको संख्या बढ्दो छ । विकसित देशमा सामान्यतया तीनजना बिरामीका लागि १ जना नर्स हुनुपर्ने प्रावधान छ । तर नेपालमा भने एउटै नर्सले २० देखि ३० जनासम्म बिरामी हेर्नुपरेको तथ्यांक छ । नेपालको नर्सिङ पेसा अझै व्यवस्थित हुन सकेको छैन । नर्सलाई न्यूनतम पारिश्रमिक पाउन आन्दोलनमै होमिनुपर्ने बाध्यता छ । बिरामीको सेवामा दिनरात खट्नुपर्ने नर्स पेसाको आदर्श उँचो भए पनि अहिले विदेशिन बाध्य छन् । नर्सबिना अस्पतालको कल्पनासमेत गर्न सकिँदैन तर हजारौं नेपाली नर्स अझै न्यूनतम सेवा सुविधाबाट वञ्चित हुनु परेको छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई